REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date:21.11.2025

---

*सरदार पटेलको 150 औं जन्मजयन्तीको अवसरमा गान्तोकमा एकता मार्च*

भारतका लौहपुरूष सरदार वल्लभभाई पटेलको 150 औं जन्मजयन्तीको उपलक्ष्यमा आज गान्तोकमा जिल्लास्तरीय कता मार्ट आयोजना गरिएको थियो। मार्च पाल्जोर स्टेडियमबाट सुरू भएर जिल्लापाल कार्यालयमा समापन भएको थियो। गान्तोक जिल्ला अध्यक्ष बलराम अधिकारी, प्रमुख अतिथिको रूपमा उपस्थित थिए।

भारत सरकारको युवा मामिला तथा खेलकुद मन्त्रालयको माई भारतका उपनिर्देशक मंगल जाखरले सम्बोधन गर्नुभयो।

प्रमुख अतिथि अधिकारीले 2047 मा विकसित भारतको प्राप्तिमा सरदार पटेलको योगदानमाथि प्रकाश पारे। उनले राष्ट्र निर्माणमा युवा सहभागिताको महत्तवमा जोड़ दिए र विद्यार्थीहरूलाई आफ्नो दैनिक जीवनमा सरदार पटेलले धारण गरेका मूल्यमान्यताहरूको अनुकरण गर्न आग्रह गरे, जसले सुनौलो, समृद्ध र समर्थ सिक्किमको निर्माण गर्नेछ।

प्रमुख अतिथिले एकताको प्रतिज्ञा लिनु लाउनु भयो अनि त्यसपछि उहाँले पाल्जोर स्टेडियमबाट डीएसी गान्तोक तर्फ एकता मार्चलाई झण्डा देखाएर सुरूवात गर्नुभयो।

---

*IFFI 2025 मा शेप अफ मोमो*

प्रशंसित फिल्म निर्माता त्रिबेणी राईको पहलो फिचर फिल्म शेप अफ मोमो ले 56 औं अन्तर्राष्ट्रिय फिल्म महोत्सव मा सिक्किमको प्रतिनिधित्व गर्नेछ। यसअघि बुसान अन्तर्राष्ट्रिय फिल्म महोत्सव र हालै सम्पन्न कोलकाता अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा यो फिल्मले पुरस्कार जितेको थियो।

शेप अफ मोमो ले IFFI गोवामा सर्वश्रेष्ठ डेब्यू फिचर फिल्ममा सिल्भर पिक्क अवार्ड को लागि प्रतिस्पर्धा गर्नेछ। त्रिबेणी राईलाई IFFI गोवामा भारतीय फिचर फिल्मको सर्वश्रेष्ठ डेब्यू निर्देशक प्रतियोगिता श्रेणीमा पनि मनोनित गरिएको छ।

144 मिनेटको यो फिल्म 27 नोभोम्बरमा साँझ 6:45 बजे प्रदर्शन गरिनेछ।

---

*सतर्कता मामिलामा चौथो क्षमता निर्माण कार्यशाला*

केन्द्रीय सतर्कता आयोग र भारत सरकारको शिक्षा मन्त्रालयले सिक्किम विश्वविद्यालयसँगको सहकार्यमा, सतर्कता मामिलाबारे चौथो क्षमता निर्माण कार्यशाला आज आयोजना गरयो।

सिक्किम विश्वविद्यालयका उपकुलपति प्रो. अभिजित दत्ता र रजिस्ट्रार, प्रो. लक्ष्मण शर्माले यस पहलको प्रशंसा गर्दै शैक्षिक संस्थाहरूमा नैतिक शासनको महत्तवमाथि प्रकाश पारेका छन्।

कार्याशालामा राष्ट्रिय प्रविधि संस्थान सिक्किम, असम विश्वविद्यालय, तेजपुर विश्वविद्यालय, विश्वभारती र अन्य विश्वविद्यालयहरू सहित धेरै एनआईटीहरूको सहभागिता रहेको थियो।

---

*जोङ्गुमा डिजाइन र संवेदीकरण सम्बन्धी दुई दिने कार्यशाला सम्पन्न*

मङ्गन जिल्लाको जोङ्गु ब्लक अन्तर्गत पासिङदाङ ब्लक प्रशासनिक केन्द्रमा डिजाइन र संवेदीकरण समबन्धी दुई दिने कार्यशाला सफलतापर्वक सम्पन्न भयो। लेप्चा स्व- सहायता समूहका बुनकरहरूमाझ पारंपरिक जीविकोपार्जनलाई सुदृढ पार्ने र बजार तत्परता बढ़ाउने दिशामा यो एउटा महत्तवपूर्ण कदम हो।

यो कार्यक्रम, राज्य ग्रामीण जीविकापार्जन मिसन, जोङ्गुद्वारा स्व- सहायता समूहका सदस्यहरूको डिजाइन सम्बन्धिक सीपहरूको स्तरोन्नति गर्ने, उत्पादको गुणस्तरमा सुधार गर्ने र समकालीन बजार- संचालित डिजाइन अभ्यासहरूको उनीहरूको बुझाइलाई गहिरो बनाउने मुख्य उद्देश्यका साथ आयोजना गरिएको थियो।

---

*बेची बचाओ बेटी पढ़ाओ नाम्ची जिल्ला*

नाम्ची जिल्लाको महिला, बालबालिका, वरिष्ठ नागरिक तथा दिब्याङ्गजन कल्याण विभागले बेटी बचाओ बेटी पढ़ाओ पहलको एक भागको रूपमा 37- सालघारी ग्राम पञ्चायत केन्द्रमा बाल सभा प्रवर्द्धन आयोजना गऱ्यो।

पञ्चायत अध्यक्ष छिरिङ तामाङ प्रमुख अतिथिको रूपमा उपस्थित थिए। श्री तामाङ ले समाजमा केटीहरूको बढ़दो सशक्तिकरणलाई प्रकाश पारे र लागूपदार्थको दुरूपयोगमा केटाहरूको बढ़दो संलग्नतामा चिन्ता व्यक्त गरे। उनले जि पि के सदस्यहरू र समुदायलाई युवा केटाहरूलाई सकारात्मक र अनुशासित मार्गमा सक्रिय कदम चाल्ने आग्रह गरे।

---

*गभर्नर गोल्ड कप*

आज पाल्जोर स्टेडियममा 51 औं अखिल भारतीय गभर्नर गोल्ड कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता 2025 मा, राजस्थान युनाइटेड फुटबल क्लबले सिक्किम हिमालयन स्पोर्टिङ क्लबलाई तीन गोलले पराजित गऱ्यो।

राजस्थान युनाइटेड फुटबल क्लबका पेड्रो एस्ट्रे लोपाजले 12औं मिनेटमा पहिलो गोल गरे। बदलामा, घरेलु टोलीका केटाहरूले आफ्नो सक्दो प्रयास गरे तापनि, राजस्थान युनाइटेडको रक्षा रेखा तोड़न सकेनन्।

90 मिनेट सम्म स्कोर 1-0 थियो, थप छ मिनेट दिइएको समयमा रोहिन्सन बाल्डन रेन्डन र विनिल पुजारीले राजस्थान युनाइटेड फुटबल क्लबका लागि एक- एक गोल गर्दै अन्तिम स्कोर 3-0 बनाए। राजस्थान युनाइटेडका गोलकिपर बबिन्द्र मल्ललाई मैन एफ द मैच घोषित गरियो।

---